# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४९) काठमाडौं, असार २८ गते २०५६ साल (संख्या १३

## भाग ३

### श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल इन्जिनियरिङ्ग सेवा (गठन) समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ को नियम १२ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची ३ को क्रमसंख्या १५ पछि देहायको क्रमसंख्या १६ थप गरेको छ ।

"१६. सेवाको सबै समूहको,

| | |
|---|---|
| रा. प. द्वितीय र प्रथम श्रेणीको पदको लागि | इन्जिनियरिङ एण्ड टेक्नोलोजी मेनेजमेन्ट विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उप-नियम (२) बमोजिम अनुभव प्राप्त।" |

आज्ञाले,

विद्युतराज चालिसे

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

नेपाल विद्युत प्राधिकरण अन्तर्गत रसुवा नुवाकोट जिल्लामा चिलिमे-त्रिशुली देवीघाट ६६ के.भी. प्रसारण लाइन आयोजनाबाट निर्माण गरी सञ्चालन गरिने प्रसारण लाइनको मध्यरेखाबाट दायाँ बायाँ नौ / नौ (९/९) मिटरभित्र परेका घर जग्गाहरूको सन्दर्भमा क्षतिपूर्ति निर्धारण गर्न विद्युत नियमावली, २०५० को नियम ८८ अनुसार गठित क्षतिपूर्ति निर्धारण समितिमा श्री ५ को सरकारले देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू तोकेको छ ।

(क) सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी – अध्यक्ष
(ख) नेपाल विद्युत प्राधिकरणका सम्बन्धित आयोजनाका आयोजना प्रमुख– सदस्य
(ग) विद्युत विकास केन्द्रका उप-महानिर्देशक श्री राजदेव साहू – सदस्य

आज्ञाले,
विश्वराज रेग्मी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी दूरसंचार सेवा स्थापना गरी संचालन गर्ने निजी क्षेत्रका तथा सरकारी निकायलाई एक्सचेन्ज स्थापना तथा नेटवर्क विस्तारका लागि आयात गर्ने उपकरणमा पाँच प्रतिशत भन्सार महशुल तथा मूल्य अभिवृद्धि कर ऐन बमोजिम लाग्ने मूल्य अभिवृद्धि कर लिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

खण्ड ४६, संख्या ६, मिति २०५३।२।७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना १ खारेज गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक ऐन, २०५५ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी सिन्धुपाल्चोक जिल्ला फुलपिङ्ग कट्टी गा.वि.स. वडा नं. १ को कि.नं. ५२१ र ५२२ तथा तातोपानी गा.वि.स. वडा नं. ४ को कि.नं २७४, २७६ र २७८ को जम्मा क्षेत्रफल २३–१०–२–१ को मूल्य रू. २७,२८,१५०।– पर्ने जग्गा माथिल्लो भोटेकोशी जल विद्युत आयोजनाको वित्तीय व्यवस्था गर्ने प्रयोजनको लागि धितो वा बन्धक राख्दा भोटेकोशी पावर कं. प्रा. लि. लाई लाग्ने रजिष्ट्रेशन दस्तूर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५४ मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।